नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

## प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

मिति: २०७८।०३।१४

कञ्चनपुर जिल्लामा नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण दरमा कमि आएता पनि जोखिम कायमै रहेकोले वर्तमान अवस्थाको विश्लेषण गरी कोभिड -१९ को संक्रमण, रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन जिल्ला कोभिड व्यवस्थापन समितिको मिति २०७८।०३।१४ गते बसेको बैठकको निर्णयको आधारमा कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ को उपदफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ को अधिकार प्रयोग गरी मिति २०७८।०३।१४ गते राती १२:०० बजे देखि मिति २०७८।०३।२१ गते राती १२:०० बजे सम्म यस जिल्लाभर लागू हुने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ।

१. सवै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, पुस्तकालय, संग्रहालय, सिनेमा हल, पार्टी प्यालेस, स्वमिङपूल, सपिङमल, मनोरञ्जनस्थल, सैलून, ब्यूटी पार्लर, जिमखाना, दर्शक सहितको खेलकुद लगायत मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सञ्चालन गर्न नपाइने।

२. खुला स्थानमा मानिसहरु भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस, जात्रा, महोत्सव, भोजभतेर आदि गर्न गराउन नपाईने।

३. स्वास्थ्य सेवा, पेट्रोलियम पदार्थ लगायत अत्यावश्यक पसल व्यवसाय निर्वाध रुपमा सञ्चालन हुने। यस बाहेक अन्य पसल/व्यवसाय बिहान ६:०० बजे देखि बेलुका ६:०० बजे सम्म जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्ने गरी सञ्चालन गर्न सकिने।

४. कञ्चनपुर जिल्लाभर सबै प्रकारका सवारी साधनहरु बिहान ६:०० बजे देखि बेलुका ७:०० बजे सम्म जनस्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी सञ्चालन गर्न सकिने। अत्यावश्यक सेवामा प्रयोग हुने सवारी साधन निर्वाधरुपमा सञ्चालन हुने। जिल्ला बाहिर जाने एम्बुलेन्स र मालबाहक साधन बाहेक अन्य सवारी साधनको हकमा जिल्ला प्रशासन कार्यालय कञ्चनपुरबाट पास लिनु पर्नेछ।

५. उद्योग तथा कलकारखाना र सार्वजनिक तथा निजी निर्माण कार्य जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरि सञ्चालन गर्न सकिने।

६. शैक्षिक संस्थाहरुले भौतिक उपस्थितिमा पठनपाठन तथा परीक्षा सञ्चालन हाललाई स्थगन गर्ने। शैक्षिक गतिविधिहरु अनलाईन तथा भर्चुअल माध्यमबाट सञ्चालन गर्न सकिने।

७. विवाह, व्रतबन्ध तथा सामुहिक रुपमा गरिने धार्मिक, सांस्कृतिक कार्यहरु बढीमा १० जनासम्म सहभागी भई जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी गर्न सकिने तर होटेल तथा पार्टी प्यालेस प्रयोग गर्न नपाईने।

८. नेपाल प्रवेश गर्न चाहने व्यक्तिहरु नेपाल सरकारद्वारा तोकिएको गड्डाचौकी र गौरीफन्टा नाकाबाट निर्धारित मापदण्ड पुरा गरी आवागमन गर्न सकिने। अन्य खुला सीमानाको जुनसुकै विन्दुबाट आवागमन नगर्ने। नेपाल प्रवेश गर्ने कञ्चनपुर जिल्लाको नागरिकको हकमा सम्बन्धित स्थानीय तहको समन्वयमा क्वारेन्टिन/आइसोलेसनमा बस्नु पर्ने तथा कञ्चनपुर जिल्ला बाहिरका नागरिकको हकमा नाकामा रहेको हेल्थ डेस्कमा स्वास्थ्य परीक्षण पश्चात होल्डिङ सेन्टरबाट सम्बन्धित स्थानीय तहको समन्वयमा गन्तव्य तर्फ पठाईने।

९. सार्वजनिक सेवा प्रवाह सम्बन्धमा यस अधि जारी गरिएको आदेशमा भएको व्यवस्था बमोजिम हुने।

१०. उल्लेखित आदेशको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही हुनेछ।

२०७८।०३।१४

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी